पाखीबास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पाखीबास, धनकुटा

२०७३

कोशी प्रदेश, नेपाल

प.सं.:- २०८१/०८२

च.नं.: १४५६

मिति:-२०८१/१०/२०

**विषय : कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा आवेदन फारम खुलाइएको सम्बन्धमा।**

**श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,**

**पाखीबास नगरपालिका, धनकुटा।**

प्रस्तुत विषयमा यस पाखीबास नगरपालिकाको परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको मिति २०८१/१०/२० गतेको निर्णयानुसार शैक्षिक सत्र २०८१ को कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा आवेदन फारम खुलाइएको हुँदा सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

१. सर्वप्रथम http://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयको User name र Password राखि यस शैक्षिक सत्र २०८१ मा कक्षा ५ र ८ को अन्तिम परीक्षामा संलग्न हुने विद्यार्थीहरुको विवरण रुजु गरी नमिलेको भए निजको जन्मदर्ता प्रमाणपत्रका आधारमा अनलाइन विवरण अद्यावधिक गर्ने तथा परीक्षार्थीको पासपोर्ट साइज फोटो अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ।

२. विद्यार्थी विवरण रुजु गरि सके पश्चात IEMIS को Manage Exam को Admit Card मा गई सुरुको विद्यार्थिको Symbol No मा नौ अङ्कको सिम्बोल नं. (उदाहरणका लागि 208101501) राखि Symbol No Generate गरि Save गर्ने। (सिम्बोल नं. कायम गर्दा Exam Year (2081) School Code (विद्यालयलाई गत वर्ष उपलब्ध गराए बमोजिमको दुई अङ्कको कोड 01) परीक्षार्थीको कक्षा (5 वा 8) र विद्यार्थी वर्णानुक्रम (01) समावेश गरि नौ अङ्कको सिम्बोल नं. कायम गर्नुपर्नेछ।)

३. विद्यालयहरुले कक्षा ५ र ८ को नगरस्तरीय परीक्षामा सहभागी हुने विद्यार्थीको जन्मदर्ताको प्रतिलिपि, IEMIS मा भरेको तथ्यांकका आधारमा तयार भएको विद्यार्थीको आवेदन फारम (Application Form) १ (एक) प्रति र प्रवेशपत्र (Admit Card) २ (दुई) प्रति प्रिन्ट गरी सम्बन्धीत परीक्षार्थी र प्रधानाध्यापकले प्रमाणित गरि मिति २०८१/११/०५ गते भित्र शिक्षा युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्नेछ। परीक्षामा सहभागी हुने विद्यार्थीहरुको समष्टिगत विवरण समेत आवेदन फारम सहित पेश गर्नुपर्नेछ।

४. संस्थागत विद्यालयहरुले आ-आफ्ना विद्यालयबाट परीक्षामा संलग्न हुने विद्यार्थीहरुको लागि परीक्षा शुल्क वापत कक्षा ८ को प्रतिविद्यार्थी रु. ५५० (अक्षरेपी पाँच सय पचास मात्र) र कक्षा ५ को प्रतिविद्यार्थी रु. ५०० (अक्षरेपी पाँच सय मात्र) का दरले यस नगरपालिकाको NIC ASIA बैंकमा रहेको बैंक खाताको नाम :- ग १.१- आन्तरिक राजश्व खाता- पाखीबास नगरपालिका (खाता नं. :- ०८८२०५००२८४८३००२) मा रकम दाखिला गरेको सक्कल भौचर आवेदन फारममा संलग्न गर्नुपर्नेछ।

नोटः परीक्षा आवेदन दिइसके पश्चात तयार गरेर ल्याइएको विद्यार्थीको जन्मदर्ता प्रमाणपत्रको विवरण अनुसार परीक्षाको प्रमाणपत्र नसच्याइने भएकाले यदी कुनै विद्यार्थीको जन्मदर्ता विवरणमा नाम, थर, जन्ममिति, वुवाआमाको नाम सच्याउनु पर्ने भएमा परीक्षाको आवेदन फारम भर्नु अगावै विद्यालयले सो कार्य सम्पन्न भएको सुनिश्चत गर्नुपर्नेछ।

२०८१/१०/२०

.....................

गुणराज ढकाल

शिक्षा शाखा प्रमुख



Scanned with CamScanner